आज मिति २०७७ माघ ४ गते, आइतबार बिहान ११:३० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको बैठक भनपा वडा नं. २ स्थित नयाँ भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौंमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. प्रमुख प्रशासकीय अधिकृत श्री रामलाल श्रेष्ठ

**विषयहरु :-**

१. आठौं नगर सभामा पेश गर्ने विधेयक सम्बन्धमा ।

२. विविध ।

**निर्णयहरु :-**

१. भक्तपुर नगरपालिकाको श्वास प्रश्वास पुनर्स्थापना केन्द्रको संचालन विनियम-२०७७ विधायन समितिबाट कार्यपालिकामा पेश भएकोमा सुझावसहित पारितको लागि आठौं नगर सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

२. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. वडा नं. ३ का प्रशासन सहायक श्री गणेशराम सुवालले गाईजात्रा कार्यक्रमको लागि रु.२,७५,०००।- पेश्की लिई रु.२,६६,७९५।- बराबरको खर्च बिल पेश गरिएकोमा नपुग रकम बैंक दाखिला गरी निजको नाममा रहेको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो ।

ख. मिति २०७७।०९।२० गते यस नगरपालिकाको बोर्ड बैठकको लागि विहानको नास्ता वापत रु.६,७८०।- सूर्यविनायक पार्टी भेनुलाई भुक्तानी दिने निर्णय गरियो ।

ग. नपाको फोहोरमैला संकलन गर्ने गाडी को १ स १६७४ को ट्राइसाइकलले बा २ प ८००७ नं. को गाडीलाई हानेको हुंदा सो गाडी मर्मत गरे वापत रु.४,६५०।- दिनेश मानन्धरलाई भुक्तानी दिने निर्णय गरियो ।